# तेस्रो शक्ति

-चंकी श्रेष्ठ

यस्तो दृश्यले अघिदेखि उसलाई हल्लाइरहेको थियो ।

साँच्चै, यस्तो दृश्य तमासा नभए के हुन्छ त शहरमा ?

एउटा रगतपच्छे वृद्ध ढालु सडकमा घुप्लुक्क घोप्टियो । शरीरमा कम्तीमा बीस ठाउँमा गोली लागेको थियो । रगतको खोला, त्यस्तै त नभनू, कुलेसो भने पक्कै बगाइरहेको थियो । के यो तमासा होइन, यति वृद्ध मान्छे यति जोशले रगत बगाउन समर्थ भइरहेको छ ? त्यसमाथि यो अर्को तमासा थियो, यति वृद्ध मान्छे यस्तरी गोली खान लायक कसरी भयो !

वृद्ध एकै क्षण छट्पटाउँछ, भुलुक्क रगत छाद्छ र एकै क्षणमा परम शान्तिमा प्राप्त हुन्छ । घटना जस्तोसुकै होस्, शहर जसरी चल्नुपर्ने हो त्यसैगरी चलिरहेको छ । पहिरनमा निकै प्रयोगवादी देखिएका छन् युवतीहरू । शरीर निसासिएर बाहिर निस्केलाझैँ हुन्छ लाभाजस्तै । पाइन्ट यति तल छ कि त्यसले युवकहरूलाई चुनौती दिएको छ । तैपनि दृश्य निकै कलात्मक छ । सांस्कृतिक भव्यताले सुसज्जित छ । साँच्चै तिनको प्रयोग प्रेम देख्दा जेम्स ज्वायस वा डायलन थमस नै फिका हुने पूरापूर खतरा छ ।

केही जोडीको बाहाँजोरी शैली हेर्नलायक छ । गृहिणी टाइपका आईमाईहरूको अनुहारमा भने हतार पोतिएको छ । धुलो उडाउँदै एउटा कार दौडन्छ । रगतले लछप्पै भिजेको वृद्धको लाशमाथि एक टाटो धुलो बस्छ । सडक चलिरहेकै छ, शहर त्यस्तैगरी चलिरहेको छ । यसले के देखाउँछ भने शहर के यो देशै निकै गतिशील छ, र त एक्काइसौँ शताब्दीमा यति चाँडै फड्को मार्न सफल भएको छ । बित्थामा यी राजनीतिक दलहरू प्रतिगमन भयो भनिरहेछन् ।

वृद्धलाई हेर्न यति धेरै मान्छे आफ्नो समय खर्चिरहेछन् । साँच्चै, यो वृद्धलाई भाग्यमानी नै मान्नुपर्छ है ! नत्र आजको जमानामा कुन दृश्यले मान्छेलाई यस्तरी आकर्षण गर्छ हँ ? प्रहरी आएको छैन, मुचुल्का उठाइएको छैन । बरु केही दार्शनिक तर्क-वितर्क हुन थालेका छन् । यति वृद्ध उमेरमा किन यसले यति धेरै गोली खाने मन गर्‍यो ? गोली खाँदैमा यो किन यहीँ आएर मर्‍यो ? यसको मृत्युले किन हामीलाई नित्सेको सम्झना गराउँछ ? इत्यादि ।

यस्तो दृश्यले अघिदेखि उसलाई हल्लाइरहेको थियो । सोचेकै पनि हो -प्रहरीलाई खबर गरिदिऊँ । तर त्यसका लागि प्रहरीले दिने दु:ख खप्ने क्षमता कहाँ छ ? यस्तो बेला समाजसेवा गर्न थालियो भने भोलि जिन्दगी बाँच्नै लायक नरहने खतरा छ । आफ्नो कायरताका लागि बारम्बार उसले आफूलाई धिक्कारेको पनि हो । नाम त अभय शर्मा थियो तर सधैँ भयभीत रहनु उसको नियतिजस्तै भइदिएको थियो ।

दुविधापूर्ण स्थितिमा ऊ त्यहाँबाट हिँड्छ । सडकभरि अखबार फिँजिएको छ । अपमानको झोल घुटुक्क पिउनु परे पनि अखबार पल्टाउने अवसर पाइन्छ । तनावका समाचारहरू लाम लागेका छन् । माकुरे दुलोमा सद्दाम भेटिएका छन्, लादेनको खोजी जारी छ । समाचारको जंगलमा मोहमद अलि र जोर्डनकी राजकुमारीको संयुक्त तस्बिरले पाठकको आँखालाई शीतल पारेको छ । ठूलो कुरो त सडकमा जुलुश छ, त्यसैले सडकजाम छ र सुरक्षा व्यवस्था धुमधाम छ । समाचारको जंगलमा यो पक्षचाहिँ कता हो कता हराएको छ ।

फेरि उही वृद्धको सम्झना । त्यतै फर्कन्छ । अब भने प्रहरी आइपुगेको थियो । कसैले खबर गरिदिएछ । संसारमा सबै तिमीजस्तै छैनन् है बाबुसाहेब ! ऊ अलिकति त लज्जित भएकै हो आफ्नो कायरताका लागि । आँखाबाट आँसु झर्लाजस्तो भयो । यसको अर्थ हो- आँखा भरियो । त्यसभन्दा बढी त के हुनु ! एक्कासि उसले आफ्नो पिताजीलाई सम्झियो । धन्न परमधामको बाटो तताइसक्नुभयो । नत्र त्यो वृद्ध र उसको पिताजीमा के अन्तर हुँदो हो ! प्रष्ट थियो- यति लायक छोराको बाबुको नियति यस्तो हुनु पूरै सम्भव थियो नि !

गाडी चढेको छ । यो थाहा छ- माथि सडकजाम छ । तर पनि गाडी चढेको छ- कारण, हिँड्दा गाडी चढ्नेहरूको आँखा ऊतिरै तेर्सिएका हुन्थे । यस्तो बेला एउटा अपरिमित मनोदशा साक्षात्कार हुन्छ उसको साम् । यस कारण ऊ गाडी चढेको छ यद्यपि यो बोध छ कि खल्ती गाडीभन्दा बढी धान्नलायक छैन । खलासी चलाख

छ, चढ्नेबित्तिकै भाडा असुल्न खोज्छ। ऊ प्रतिरोधको भाषा बोल्छ, खलाँसी धम्कीको भाषा बोल्छ। एउटा गजबको तमासाको पात्र त बनेकै छ, अब फेरि कति बनोस्।

लोभलाग्दो छिमलका चार युवती गाडी चढे र उसलाई लोभ्याइरहे। उनीहरू तिनीहरूलाई चोरेर हेर्न थाल्छन्। बुझियोस् - तिनीहरूलाई चोरेर हेर्नेमा उसका जस्ता धेरै आँखाहरू छन्। मस्त तरुनी थिए, मस्त बात मार्दै थिए। के चाहियो ? क्याथरिन जेटा जोन्सको नयाँ चलचित्रबारे तिनीहरू कुरा गर्दै थिए।

यस्ता युवतीसँगको जीवन कति स्वादिलो हुँदो हो हँ ? ऊ मनमनै कल्पन थाल्यो। एउटा कुरा भनिदिऊँ- युवतीहरू रंगीन सपनामात्र बने उसको जीवनमा। धेरै अर्थमा युवतीहरू फ्यान्टास्टिक कथाका पात्र हुन् उसका लागि। किन ? कारणहरू धेरै छन्, त्यसको वर्णन गर्ने धैर्य यस कथाका कथाकारलाई नै छैन भने सुन्ने धैर्य कतिलाई होला ! गाडीमा भेटिएका ती युवती, जो कति अर्थमा 'निम्फो' भनिन पनि लायक देखिन्थे, जिउडाल र हाउभाउले पनि, त्यसले उसमा अझै विकृत भाव पैदा गर्छ।

उसका थुप्रै साथी यस्ता छन् जससँग युवतीका सप्तरंगी कथाका अनुभवहरू छन्। ती आफ्नो विगतको प्रेमरसले आफ्नो लिगलाइज्ड लाइफलाई सिँचिरहेछन्। ती मध्ये धेरैका पत्नी यस्ता छन् जो तिनीहरूको टाउकोमा कौमोदकी गदाझैँ बर्सन्छन्। अनि तिनले आफ्नो रसिक विगतलाई सम्झेर आफ्नो लिगलाइज्ड लाइफलाई सिँचेको भ्रम नपालेर के गर्ने ? तर उसको मामला त फरक थियो !

प्रेमस्रेम गर्न भनेर तम्तयार भएर जो-जो केटी उसको सम्पर्कमा आउँथे, एक हप्ता नबित्दै प्रेमस्रेमलाई पन्छाएर ती यसरी अलप हुन्थे मानौ अलप हुने प्रतिस्पर्धामा तिनले शिवजीलाई पछाडि पारिरहेछन्। एउटी अलि सोझी खालकी केटी थिई जससँग उसको हृदय नै गाँसिएको थियो भन्नुपर्छ। प्रेम त साकाहारी नै थियो तर पच्चीस प्रतिशत शरीर पनि स्पर्श गर्न दिएकीले हृदय नै गाँसिएको भन्ने दाबी गरेको हो। त्यसप्रति त ऊ पचहत्तर प्रतिशत नै आशावादी थियो नि ! बाँकी पच्चीस प्रतिशत केटीको भागमा थियो। अन्ततः त्यही पच्चीस प्रतिशतले जित्यो। के गरोस्, ऊ सधैँ ७५ अंक २५ सँग पराजित भएको नियति भोगिरह्यो।

अंग्रेजी साहित्यकी छात्रा थिई। डिएच लरेन्सलाई खुब पढ्थी। लरेन्सकै शब्द सापटी लिएर एक दिन केटीले उनीहरूको प्रेमको मृत्यु भएको सगर्व घोषणा गरी। कारण प्रष्ट थिएन। माओवादीले एकतर्फी युद्धविराम भंग गरेको स्थिति साक्षात्कार भयो उसको सामु।

उसका आँखामा असंख्य प्रश्नहरू थिए। मन त रुकुम-रोल्पाजस्तै भएको थियो। केटीको कुरालाई जोकको रूपमा लिँदै, साँच्चै भन्ने हो भने कामनै गरेर भत्किन लागेको प्रेमको आलीलाई थामथुम पार्ने उद्देश्यले बनाई बनाई उसले केही प्रेममय वाक्य बोल्यो। उसका वाक्यहरू बडो अप्ठ्यारा निस्केका थिए। त्यसले केटीको लरेन्सलाई झनै उत्तेजित पारिदिएछ। जवाफमा केटीले दिक्दारै पार्ने गरी लरेन्सलाई दोहोऱ्याई, दोहोऱ्याइरही। लरेन्सले गर्नुसम्म बोर गऱ्यो। त्यसपछि त्यो सोझी टाइपकी केटीसँग पनि उसको प्रेमको विधिवत् मृत्यु भएको थियो।

यस्ता थुप्रै प्रसंग छन् तर तिनको चर्चा यहाँ उचित मानिएको छैन।
साँच्चै त्यस्तो के थियो जसका कारण बारम्बार उसको प्रेमको हत्या भएको थियो ? त्यो यस कथाको अन्त्यमा मात्रै। नत्र त उसको जीवनजस्तै यो कथा पनि पूरै दुःखद् हुने खतरा छ।

यथार्थमा उसको जीवनको पटकथामा थुप्रै कहालीलाग्दा खेस्राहरू लुकेका हुन्थे। बाबु दीर्घरोगी थिए। मुटुको रोग थियो। अप्रेशन गर्न नसकेर एक वर्षअघि मात्र परमधाम भएका थिए। त्यसमाथि उसको बेकारीले कतिसम्म गराएको थियो, के भन्ने ! पानी परेको बेला जुत्ताको सोलबाट पानी र हिलो यसरी छिर्ने सौभाग्य पाउँथे कि नांगो खुट्टाले हिलो स्पर्श गरिरहनु पर्दैनथ्यो। पाइन्ट त सधैँ फ्रान्ज काफ्काको शैलीमा 'मेटामर्फोसिस'को नारा दिइरहेकै हुन्थ्यो। ऊसँग केही रक्षाकवच त पक्कै थिए तर ऐनमौकामा तिनले आफ्नो धर्म छाडिदिन्थे।

केही साथीले उसलाई चार्ली च्याप्लिनसँग दाँजिदिएका थिए। चार्ली जो आफ्नो दशाबाट हास्यरस सिर्जना गर्न निकै माहिर थिए। चार्ली च्याप्लिनको दशासँग त साँच्चिकै उसको सान्निध्य थियो, तर त्यतिको सहानुभूति बटुल्न ऊ किमार्थ समर्थ हुँदैनथ्यो। उसको नियतिलाई अब के भन्ने !
केटीहरू ओर्लिसकेका थिए, पूरै यात्रुलाई खल्लो पारेर। यात्रुरू अब फेरि अरु युवतीको प्रतीक्षा गर्न थालेका थिए। एकै क्षणमा गाडीहरू रोकिएका थिए। सडकमा गाडीको जुलुस थियो। सडक जाम थियो। सेना र सशस्त्र प्रहरी निकै सक्रिय देखिन्थे। पोजिसनमा थिए- मानौ बन्दुकबाट गोली छुट्न तम्तयार थियो। ड्राइभरहरू एकोहोरो हर्न बजाइरहेका थिए। खलासीहरू निदाइरहेका थिए। यात्रुहरू अनिद्रामा झैँ छटपटाइरहेका थिए। यात्रुको

अनुहारभरि हतारको रेखा कोरिएको थियो । मोटरसाइकल र साइकलहरू हकार्दै, खकार्दै, धकेल्दै फुटपाथमा दौडिरहेका थिए ।

कति बज्यो ? समय स्वयं निस्पृह लाग्थ्यो । कहिले खुल्छ सडक ? सडक मौन थियो, गाडीहरू मौन थिए, ट्राफिकहरू मौन थिए ।

कुनै दिन एउटा पार्कमा ऊ केटीसँग निकै रोमान्टिक मुडमा थियो । त्यही लरेन्सवाली केटी । दृश्य निकै जमेको थियो किनभने कम्तीमा पचास प्रतिशत दृश्य रोमान्टिक तरिकाले चलिरहेको थियो । ऊ त बाँकी पचास प्रतिशतमा पनि प्रवेश गर्न चाहन्थ्यो । केटीले पचास प्रतिशत भने सुरक्षित राखी । पछिलाई फेरि केही बाँकी नरहला भनेर । ऊ कसैगरी आफूलाई रोक्न असमर्थ भइरहेको थियो । तर, केटीले नमानिदिएपछि के लाग्छ ! तर, पचास प्रतिशत भए पनि सफल भएकोमा एकप्रकारले ऊ खुशी नै भइरहेको थियो । फर्कंदा केटी ट्याक्सीमा फर्कन चाहन्थी । केटो रोकियो, खल्तीले गर्दा रोकियो भन्नुपऱ्यो । केटीले गजबको डायलग दिएकी थिई - अबको प्रेम रोमियो- जुलियटको जस्तो चल्दैन । हुन पनि हो, उनीहरूको प्रेम त उत्तरआधुनिक युगमा आइपुगेको थियो नि ! त्यसको असर के भइदियो भने केटीले एक महिनासम्म आफ्नो दिव्यदर्शन दिनै मानिन । त्यसपछि केटीलाई भेट्ने समय कसैगरी उसले खल्ती गह्रौं बनाउन थालेको थियो । तर, कतिञ्जेल चल्नसक्थ्यो र त्यो क्रम !

अब ऊ हिँड्न थाल्छ । चेकिङ थियो जताततै । चेकिङ प्वाइन्ट टु चेकिङ प्वाइन्ट सडकजाम थियो । यसको अर्थ हो, सुरक्षा व्यवस्था धुमधाम थियो । अरनिको राजमार्ग पचास फिट हुने तर्खर गर्दै थियो । टहराहरू भत्काइएको जुग बितेको थियो । टाउको मुडुल्लो पारेझैँ कल्की र लहरेपिपलका रुखहरू काटिएका थिए । सडक यस कारण उजाड लाग्थ्यो देशजस्तै । अब यहाँ फेरि हरियाली छाउँछ छाउँदैन त्यो भन्न गाह्रो थियो । जाम सडकको कापकापबाट मोटरसाइकलहरू छिरिरहेका थिए । जाममाथि अर्को जाम थियो । लाग्थ्यो, सबै सवारी साधनहरू दुर्घटनाको धेरै नजिक थिए । हिँड्दा हिँड्दै ऊ चेकिङ प्वाइन्ट पुग्यो । चेकिङ प्वाइन्टमा चेकिङकै लागि मान्छेको जाम थियो । ऊ हतारमा थियो । चेकिङकै लागि लाम थियो । सुरक्षाकर्मीले उसलाई धेरै बेर केरकार गरे । छामछुम गरे । अन्ततः छाडिदिए, धन्यवाद !

अझै परसम्म सडकजाम थियो । सम्भवतः अरु केही चेकिङ प्वाइन्टसम्म । चेकिङ निकै कडा थियो- यही कडा चेकिङबीच शहरमा कतै बम पड्किएको खबर आएको थियो । दश वर्षीय बालक मारिएको खबरले मान्छेरू सन्त्रस्त थिए ।

अपराह्नकालीन खबरपत्रिका आएको थियो । हकर कराउँदै हिँडिरहेको थियो - आतंककारीद्वारा बम विस्फोटन, आठ वर्षीया बालिकाको मृत्यु । राजधानीमा दुई कर्णेलमाथि गोली प्रहार, एकको मृत्यु । हिंसाको खबर निकै हिट भएको थियो । हिंसाबाहेकका समाचारले समाचारको स्थान पाएका थिएनन् ।

गाडीहरू घ्यार्र-घ्यार्र चल्न थाले । तर, एक पटकमा १२ फिटभन्दा अगाडि बढ्ने अनुमति थिएन । तैपनि गाडीरू घ्यार्र- घ्यार्र सास फेरिरहेका थिए । हतारमा ऊ हिँडिरहेको थियो । उसलाई लाग्दै थियो - गाडीका यात्रुहरू उसैलाई हेरिरहेका छन् । ठाउँ ठाउँमा सेना बालुवाको बोरा थुपारेर त्यसमाथि बन्दुक तेर्स्याएर बसिरहेको थियो । अखबारमा यसै सम्बन्धमा एउटा गजबको कार्टुन छापिएको थियो । एउटा सर्वसाधारण सेनालाई सोध्छ- दाइ, चामल किलोको कसरी हो ?

नजिकै कतै फेरि बम पड्किएको थियो । मान्छेको अनुहारमा आतंक छाएको थियो । सडकमा हिँडिरहेका मान्छेहरू एक्कासि दोडन थाले । जुन बाटोबाट आएको हो त्यतै फर्कन थाले । सिपाहीहरू एकदम पोजिसनमा थिए । नजिकै कतै गोली चलेको आवाज सुनियो । आर्मीको ठूलो ट्रक आयो । ट्रकमा एउटा घाइते थियो । उसको अनुहार कालो कपडाले छोपिएको थिए ।

अब ऊ फर्कंदै थियो । जताबाट आएको थियो, त्यतै । कारण प्रष्ट छ- अगाडि जान निषेध थियो । तनाव निकै बढेको थियो । मान्छेको अनुहारमा लाग्थ्यो- हतासमात्र छ, जीवन कते हराएको छ । मान्छेहरू दौडिएका थिए । दौडनेको बीचमा ऊ पनि थियो ।

मान्छेहरू एक्कासि गायब थिए सडकबाट । सडकमा केवल सेना र सशस्त्र प्रहरीको जुलुश देखिन्थ्यो । बन्दुक चलेको, बम पड्किएको आवाज बारम्बार सुनिन्थ्यो ।

एउटा अप्रत्यासित घटनाले ऊ आँत्तियो । केही मान्छेहरू बन्दुक ताक्दै ऊतिरै आए । ऊ निकै आँत्तियो । केही बोल्न र आफ्नो परिचय दिन चाहन्थ्यो । तर, बन्दुकका सामु बोली नामको चरा उडेर कहाँ पुगिदियो -

त्यसलाई कहाँबाट ल्याओस् उसले ? यस कारण ऊ भाग्नै थाल्यो । उसको पछिपछि बन्दुकधारीहरू दौडन थाले । दायाँबायाँ गोली नै चलाउन थाले । ऊ अझै जोडले दौडन थाल्यो ।

अलिपर अत्याधुनिक हातहतियारले सुसज्जित मान्छेहरू आइरहेका थिए । ऊ अर्को आपत्मा पऱ्यो । यी दुई पक्ष, निश्चित थियो, एक अर्काका ज्यानका दुश्मन थिए । यिनीहरूको बीचमा बित्थामा पर्ने डरले अब ऊ काम्न थाल्यो । दुवै तर्फबाट बन्दुकधारीहरू अगाडि बढ्दै ऊतिरै आइरहेका थिए ।

हठात् उसलाई एउटा जुक्ति सुझ्यो । यी दुईको बीचबाट ऊ अर्को दिशातर्फ दौडियो । निकै जोडले दौडिरह्यो । ऊ थकाइले चुरचुर भएको थियो । यसो पछाडि फर्केर हेऱ्यो । दुवै पक्ष उसैलाई खेद्दै आइरहेका थिए । तिनीहरू आपसमा लडिरहेका थिएनन्, बन्दुक ऊतिरै तेर्स्याइरहेका थिए ।

प्राणीका लागि प्राणभन्दा प्यारो अरु के हुनसक्ला ! ऊ फेरि पनि दौडन थाल्यो । तर, अलिपर पुग्न नपाई जोडले ठेस लागेर घोप्टियो । ऊ त्यही ठाउँमा आइपुगेको थियो जहाँ यस कथाको सुरुवातमा एउटा वृद्ध लडेको वर्णन गरिएको थियो । वृद्धको लाश त प्रहरीले उठाइसकेका थिए तर रगत भने आलै थियो । उसको पनि आँखाको डिल फुटेर रगत झर्न थाल्यो । वृद्धको रगतमा उसको रगत थपियो ।

एकाएक चमत्कार भयो । अघि मरेको वृद्ध त त्यही रगतबाट पो उम्रेर आयो । उसको हातमा थियो एउटा अत्याधुनिक हतियार । अर्कोतिरबाट दुवै पक्षका हतियारधारीहरू सुर्रिंदै यतै आइरहेका थिए । क्षणभरमै तिनीहरू लहरेपिपलको रुखझैँ सडकमा सोत्तर भएका थिए । वृद्ध चारैतिर गोली चलाइरहेको थियो । एकै क्षणमा चारैतिर सुनसानमात्र बाँकी रह्यो । कतै कुनै तनावको संकेत थिएन । त्यसपछि वृद्ध दश पाइला अगाडि बढ्यो र चारैतिर हेरेर भन्न थाल्यो- म मारिएको हुँ तर मरेको छैन, किनभने म तस्रो शक्ति हुँ । त्यसैले म फेरि आउँछु, फेरि फेरि आइरहनेछु । त्यसपछि फेरि ऊ दश पाइला पछाडि सऱ्यो । त्यही रगत जमेको ठाउँमा पुगेर अलप भयो ।

पाठकलाई जिज्ञासा हुनसक्छ- हाम्रो अभय शर्मा के भयो ? त्यसपछि भनिन्छ, हाम्रो अभय शर्मा चाहेको बेला त्यो वृद्ध हुनसक्ने भयो, चाहेको बेला आफ्नै रूपमा फर्कनसक्ने भयो । किनभने उसको रगत त त्यही वृद्धको रगतमा मिसिएको थियो नि !

एक कथाकारको नाताले अघि मैले भनेको थिएँ- यस कथाको अन्त्यतिर उसको असफल प्रेमको कथा भन्छु । हेर्नुस्त, यो कथाले कस्तो मोड लिइदियो ! अब त्यसको के अर्थ ?

हाम्रो अभय शर्मा अब भने भय शर्मा हुने तर्खर जोडतोडले गर्न थाल्यो । तपाइँ यसलाई के भन्नुहन्छ ?

●●●●●●●●●●●●●●●●●●●●●●●●●●●●●●